जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ०९, २०८१ असोज ३ गते विहीबार, 19 Sep. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-

संविधान दिवस २०८१ को शुभकामना



संविधान देशको मुल कानून हो । जनताका प्रतिनिधिहरुले संविधान सभामार्फत् संविधान निर्माण गरी जारी भएको आज ९ बर्ष पूरा भएको छ । यस सुखद अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी,दाजुभाइहरुमा हार्दिक बधाई,साथै शुभकामना व्यक्त गर्दछु । यो सुनौलो विहानी ल्याउन योगदान गर्नुहुने इतिहासको विभिन्न कालखण्डका शहीदहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दछु ।

नेपाली जनताको संघर्ष र बलिदानको स्वरूप वि.सं.२०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान गर्न आज हामी संविधान दिवस तथा राष्ट्रिय दिवस मनाइरहेका छौं ।

केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई वृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको संविधान जारी भएको उत्सवको दिन हो आज ।

यो ९ वर्षको अन्तरालमा लोकतन्त्रको संस्थागत विकासका लागि थुप्रै कार्यहरु सम्पादन भएका छन् । संविधानमा मूलभूत लोकतान्त्रिक मूल्य मान्यता समेटिएका छन् । संविधानको रक्षा र कार्यान्वयनमा क्रियाशील शक्तिहरुले उच्चतम समझदारी बनाएर अघि बढ्नुपर्ने आवश्यकता अझै विद्यमान छ ।

सकारात्मक कामको पहलमा सबैको ऐक्यवद्धता आवश्यक रहन्छ । त्यसैले पनि संविधानमा लिपिबद्ध हक अधिकार कार्यान्वयनका लागि सरोकारवाल सबैले आ आफ्नो स्थानबाट पहलकदमी लिइरहन सम्पूर्ण नेपाली नागरिकमा हार्दिक अनुरोध समेत गर्दछु ।

संविधान कार्यान्वयनमार्फत राष्ट्रिय समृद्धि हासिल गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रका आधारभूत मुल्य मान्यता र प्रणालीलाई राष्ट्रिय जीवन पद्धति बनाउन संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ ले हामी सबैमा नयाँ उत्साह प्रदान गर्ने विश्वास व्यक्त गर्दछु । धन्यवाद

२०८१ असोज ३ गते, विहीबार

दीपक प्रसाद देवकोटा

प्रदेश प्रमुख



उकालो चढ्दै डेंगुको ग्राफ

○ सरिता दाहाल

मकवानपुर । गर्मी मथ्थर भएको छैन, गत वर्षहरूमा जस्तो स्थानीय तहहरूबाट डेंगु विरूद्धको अभियानहरू पनि यस वर्ष खासै चलाइएन ।

सामान्य संक्रमण जत्तिकै ठानिन थालेपछि बागमतीमा डेंगुको संक्रमण बढ्दो अवस्थामा रहेको छ । लामखुट्टेको टोकाइबाट हुने डेंगु संक्रमितको संख्या बागमती प्रदेशमा निन्तर बढ्दो क्रममा छ ।

तर यसबाट बच्नको लागि प्रचारप्रसार तथा सचेतनाका कार्यक्रमहरूमा भने चासो दिइएको छैन । चालु आर्थिक वर्ष २०८१/०८२ को साउन १ गतेदेखि हालसम्मको अवधिमा झण्डै २ हजार मानिस डेंगु संक्रमित भएका छन् । प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार यस प्रदेशमा दैनिक ९० देखि देखि १ सय बढीको संख्यामा डेंगु संक्रमित भैरहेका छन् । चालु आर्थिक वर्षको साउन र भदौमा मात्रै २ हजार ८ बढीमा डेंगी संक्रमण भएको छ ।

मन्त्रालयका सूचना अधिकारी डा. रविन भुषाललका अनुसार भदौ महिनाको अन्त्यसम्म बागमती प्रदेशमा २ हजार ८०४ जनामा डेंगु संक्रमण भइसकेको छ ।

सूचना अधिकारी डा. भुषालका अनुसार बागमतीमा प्रत्येक दिन १ सय को हाराहारीमा डेंगीका नयाँ बिरामी बढेका छुन् ।

प्रदेशका १३ जिल्लामध्ये र सुवा बाहेक १२ जिल्लामा डेंगीको प्रकोप फैलिएको मन्त्रालयले जनाएको छ । प्रदेशका स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. खगेश्वर गेलालका अनुसारप्रदेशमा सबैभन्दा धेरै बिरामी चितवनमा रहेका छन् । भदौ मसान्तसम्म चितवन जिल्लामा जहाँ १ हजार ६० जना डेंगुको संक्रमणबाट बिरामी भेटिएको मन्त्रालयको तथ्यांक छ ।

चितवनपछि काठमाडौंमा ८३९ जनामा संक्रमण देखिएको छ । जसमा गत साउन महिनामा १५७ जना डेंगी संक्रमित भएका थिए भने अरू बिरामी भदौ महिनामा थपिएका हुन् ।

यस्तै, मकवानपुरमा हालसम्म ३९४ जनामा डेंगी संक्रमण भएको छ भने धादिङमा ७४ जना, ललितपुरमा ३३२ जना, भक्तपुरमा ४५, काभ्रेमा ८४, नुवाकोटमा १९, दोलखामा १४, रामेछापमा ११, सिन्धुपाल्चोकमा १९ र सिन्धुलीमा १३ जनामा डेंगी संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालय बागमती प्रदेशले जनाएको छ।

यद्यपि, चालु आर्थिक वर्षको हालसम्मको अवधिमा डेंगीका कारण कसैको पनि मृत्यु नभएको मन्त्रालयले जनाएको छ । गत आर्थिक वर्ष २०८०/०८१ मा ६ जनाको डेंगी संक्रमणकै कारण मृत्यु भएको थियो । सो अवधिमा ११ हजार ९०६ जना डेंगी संक्रमित भएको मन्त्रालयका सूचना अधिकारी भुषालले जानकारी दिए ।

डेंगु नियन्त्रणको लागि गत आर्थिक वर्षमा स्थानीय तहहरूले विभिन्न विषादी छर्कने, झाडीहरू नष्ट गर्ने कार्य गर्ने गरेको भएपछि यसवर्ष खासै यस्ता अभियानहरू चालिएका छैनन । जसले गर्दा संक्रमणको दर उकालो लागेको पाइन्छ ।

के हो डेंगी ?

खासगरी एडिज प्रजातिको लामखुट्टे डेंगीका लागि जोखिमपूर्ण हुन्छ । गर्मी एवं वर्षाको समयमा यस्तो लामखुट्टे फैलने भय बढी हुन्छ । त्यसैले डेंगीबाट बच्नु भनेको यस्ता लामखुट्टेको टोकाइबाट बच्नु नै हो । किनभने यसको टोकाइ एवं संक्रमण निकै घातक हुन सक्छ ।

लामखुट्टेको टोकाइबाट सर्ने र फैलने गर्छ । डेंगी सार्ने लामखुट्टेले प्रायः दिउँसो मात्र टोक्छ । अस्पतालमा भर्ना भएका सबै बिरामीलाई एकै ठाउँमा राख्दा लामखुट्टेमार्फत् डेंगी सर्ने खतरा हुन्छ । त्यसैले, बेडमा भर्ना भएका बिरामीहरुलाई झुलमित्र राखेर उपचार गर्ने गरिन्छ ।

एडिज लामखुट्टे जमेको पानीमा जन्मने र हुर्कने गर्छ। जस्तो कि, कुवाको पानी, खाल्डाखुल्डीमा जम्मा भएको पानी, नालाको पानी आदि। त्यसैले घर आसपासमा पानी जम्ने ठाउँ नराख्न विज्ञको सल्लाह छ ।

कुलरको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टीतेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने, फुलदानीमा भएको पानी हप्तामा दुई पटक फेर्ने, लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउन पर्छ ।

यसैगरी सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नुपर्छ साथै साना केटाकेटीलाई जुनसुकै समयमा पनि झुलभित्र सुताउनुपर्छ । लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलम दल्न पनि सकिन्छ । घरकै ज्याल ढोकामा जाली लगाउन उपयुक्त हुन्छ । घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नुपर्छ । स्वास्थ्य संस्थामा यसको लक्षण अनुसार उपचार गरिन्छ ।

डेंगु ज्वरोविरूद्धको खोप र खास उपचारसमेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो । डेंगु ज्वरोको शङ्का लागेमा हुन सक्ने जटिलता बचाउन तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुपर्छ ।

कसरी थाहा पाउने डेंगुको संक्रमण

स्वास्थ्यकर्मीहरूका अनुसार सामान्यतः डेंगु भाइरसको सङ्क्रमण भएका करिब ८० प्रतिशत मानिसमा रोगको कुनै लक्षण देखिँदैनन् वा देखिए पनि हल्का ज्वरो जस्ता सामान्य खालका लक्षण मात्र देखिन्छ ।

सङ्क्रमित मध्ये ५ प्रतिशत मानिसमा गम्भीर प्रकारको डेंगु लाग्ने गर्छ भने तीमध्ये पनि निकै कम मानिस यस रोगका कारण मृत्युको मुखमा पुग्ने गर्छन् । यो रोग छिप्पिन ३ देखि १४ दिन लाग्ने भए पनि धेरैजसो बिरामीमा यो रोगले ४ देखि ७ दिनमा नै पूर्णता पाउँछ ।

डेंगुको जोखिममा रहेका स्थानमा गएर फर्किएका मानिसमा घर पुगेको १४ दिनपछि डेङ्गी वा अन्य लक्षण देखा पर्ने सम्भावना हुँदैन । प्रायजसो बालबालिकामा डेंगुको सङ्क्रमण हुँदा सामान्य रूघा तथा सङ्क्रामक पखाला भएको जस्तै लक्षण देखिने गर्छन् । त्यस्तै बालबालिकामा विभिन्न जटिलता देखापर्ने जोखिम पनि तुलनात्मक रुपमा बढी नै हुन्छ । सुरूवातमा यसका अन्य लक्षणहरु मन्द खालका भए पनि उच्च ज्वरो पनि देखापर्छ ।

डेंगुको पहिचानका लागि मुख्य लक्षण अचानक ज्वरो आउने टाउको दुख्ने साधारणा तथा आँखाको पछाडि दुख्ने, मांसपेसी दुख्ने, जोर्नी दुख्ने आदि हुन् । डेंगुका रोगीहरुको मांसपेसी तथा जोर्नी दुख्ने हुनाले यसलाई हयीतोड ज्वरो पनि भनिन्छ ।

लक्षण सुरू हुने अवस्थामा ४० डिग्री सेल्सियसभन्दा पनि उच्च ज्वरो आउने शरीरमा पीडा महसुस हुने तथा टाउको दुख्ने जस्तो लक्षण देखिन्छन् ।

यो अवस्था प्रायजसो दुई दिनदेखि सात दिनसम्म रहने गर्छ । वाकवाकी लाग्ने तथा वान्ता हुने पनि हुन सक्छ । डेंगुको सङ्क्रमण भएका ५० देखि ८० प्रतिशत बिरामीहरुमा लक्षण देखिन सुरू भएको पहिलो वा दोस्रो दिनमा छाला रातो तथा तातो हुने समस्या देखापर्न सक्छ ।

पछि बढ्दै गएर दादुरा लागेको जस्तो स(सानो फोकाहरु देखा पर्छन् । रातोको बीचमा सेतो हुने फोका पनि देखिन सक्छ ।

यो अवस्थामा शरीरमा हुने कोसिकाहरु फुटेर छालामा ससाना थोप्ला देखापर्ने र मुख र नाकका म्युकस मेम्ब्रेनबाट सामान्य र त्तश्राव हुने लक्षण पनि देखा पर्छन् । डेंगुको ज्वरो वा बच्न लामखुट्टेको टोकाइबाट बच्नु तथा लामखुट्टेको वृद्धि रोक्नुपर्छ ।

२०८१ असोज ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

संविधानको संरक्षण

आज असोज ३ गते अर्थात संविधान दिवस । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ जारी भएको आजको दिन सारा नेपालीको लागि हर्सोल्लासको दिन हो । नेपाली जनताको त्याग र बलिदानको उपज यो संविधान नेपाली जनभावना र मर्म सापेक्ष छ । यो संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुर्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरेको छ ।

यो संविधान आफैमा उत्कृष्ट छ, किनकी नेपालको संबैधानिक इतिहासमा पहिलो पटक जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूले संविधान सभा मार्फत जारी भएको हो। जनताको प्रतिस्पर्धामक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरीक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार,आवधिक निर्वाचन, पुर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निस्पक्ष्य र सक्षम न्यायपालिका र कानुनी राज्यको अबधारणा यसका मुख्य विशेषता हुन्। विविधतामा एकता, सहिष्णुता र सद्भावलाई संरक्षण एबम् प्रबर्द्धनमा नेपाल अधिराज्यको संविधान २०७२ ले जोड दिएको छ ।

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गर्नु संविधानको मार्गदर्शन हो । संविधानको मर्म र भावनालाई अक्षरस पालना गरेमा देश समृद्धिको बाटोमा द्रुतगतिमा अघि बढ्नेछ। हुनत सबै कुरा परिवर्तनशील छ, समय अनुसार विभिन्न समयमा विभिन्न संविधान जारी भएका छन् । यो जनताको प्रत्यक्ष सम्लग्नतामा जारी भएकोले पृथक पहिचान बोकेको संविधान हो । संविधानले निर्दिष्ट गरेका पक्षहरूलाई कार्यान्वयन गर्दै जादा सकारात्मक परिणाम पक्कै आउँछ । कार्यान्वनको इमान्दारीतामा सम्पुर्ण तह र तप्काबाट उचित पहल अनिबार्य छ । जनता आफैंले आफ्नोलागि जारी गरेको यो संविधान आफैमा बिशिस्ट छ र यो सम्पुर्ण देशवासीको उज्ज्वल भविश्यको द्योतक हुनेछ । संविधानको मर्म तर भावनाको कदर गरौं ।



✍ सुन्दर शर्मा

डिभोर्स नै अन्तिम विकल्प हो त ?

आफ्नो दाम्पत्य जीवन के-कसरी चलाउँदा आफुलाई सन्तुष्टि मिल्छ भन्ने कुरा पति-पत्नी दुवैको आपसी व्यवहारले नतिजा दिने कुरा हो । आफ्नो निजी सम्बन्धमा अरु कसैको प्रवेश हुन नदिनु नै आपसी सम्बन्धको डोरी कसिलो र बलियो हुनु हो ।

आज म पति-पत्नी बीचको सम्बन्ध बिच्छेद र यसले पार्ने असरका सम्बन्धमा सानो विवेचना गर्दैछु । बढ्दो सम्बन्ध बिच्छेदले दुवैतर्फका परिवार र बच्चालाई पार्ने असर, पति-पत्नी सङ्गै बस्न नसक्ने कारण, वातावरण र अनावश्यक व्यक्तिगत स्वतन्त्रताका नाममा पश्चिमीकरणले परिवारमा ल्याएको विखण्डनप्रति नियाल्दै छु ।

पति-पत्नी दुवैको पारिवारिक हस्तक्षेप, अरुको देखासिकी, पाश्चात्य संस्कारको कुप्रभाव, अनावश्यक आर्थिक प्रतिस्पर्धाको लहडले पारिवारिक विघटनमा टेवा पुरह्याउँछ है, समयमै सचेत बन्ने कि... भन्दै खबरदारी गर्दैछु ।

विभिन्न सम्बन्ध वा नाताहरूमा उत्कृष्ट सम्बन्ध मानिन्छ पति-पत्नीको सम्बन्धलाई । ईश्वरले माथिबाट बनाएको जोडीको उपमा पनि दिइन्छ । हिन्दु धर्मअनुसार विवाह बन्धनमा बाँधिदा अग्निलाई साक्षी राखी सात जन्मसम्म साथ निभाउने बाचा गरि एको हुन्छ । ब्राह्मणद्वारा उच्चारण गरिने वेदका मन्त्रहरूले पनि अटुट सम्बन्धको परिकल्पना गरेका हुन्छन् । हाम्रो संस्कार मा यस्तो आपसी सम्बन्धलाई न्यायालयमा गरिने 'कोर्ट म्यारिज' भन्दा निकै उत्कृष्ट दर्जा दिइन्छ । हाम्रो वैवाहिक परम्परा त्यसै उच्च श्रेणीको भएको होइन । यहाँ विवाहमा गरिने प्रत्येक कर्मको धार्मिक, सैद्धान्तिक र वैज्ञानिक कारण छन् ।

विवाह बन्धनमा बाँधिदै गर्दा कुनै नवजोडीले सोचेका हुँदैनन् 'निकट भविष्यमा हामी एकआपसमा अलग हुनेछौं' भनेर ।

परापूर्वकालमा रचिएका हाम्रा धर्मशास्त्रले पनि पति-पत्नीको सम्बन्धलाई निकै सुरक्षित सम्बन्ध मानेको छ । धर्मशास्त्रले पति-पत्नीबीचको शारीरिक सम्बन्धलाई पनि समान अधिकार र उपभोगको कल्पना गरेको छ ।

यति महत्वपूर्ण वैवाहिक सम्बन्धलाई हल्कारूपमा बुझ्न र लिन खोज्दा समाजमा अप्रिय घटनाहरू दोहोरिँदैछन् । पति-पत्नीको सम्बन्ध हाम्रा हजुरआमा र आमाको पालामा जस्तो सोच्यौं र त्यस्तै आशा गरह्यौं भने त्यो सम्भव हुनै सक्दैन ।

सुखी, दु:खी, मार्मिक सम्वेदनशील, हाँसो, रुवाइ यी भावनात्मक कुराहरू व्यक्तिका निजी हुन्छन् । व्यक्तिपिच्छे यी गुणहरू फरक-फरक हुन सक्छन् । तर आम पति-पत्नी आफूलाई जे ठिक लाग्छ उसले पनि त्यही गरोस् भन्ने ठान्छन् । पतिले सोचेको कुरा पत्नीले सोचिदिनुपर्ने, पत्नीलाई मनपर्ने तत्व पतिलाई पनि मन परिदिनुपर्ने, पतिको हरेक व्यवहार पत्नीले मानिदिनुपर्ने, पत्नीको हरेक व्यवहार पतिलाई मन पर्नुपर्ने हो... यही सोचले पति-पत्नीबीच मतभिन्नता सुरु हुन्छ । प्राय: पति-पत्नीबीचको मतभिन्नता यिनै र यस्तै कुराहरूबाट सुरु हुन्छ ।

आफूले भनैं उसले सोचिदिनुपर्ने, बुझिदुनु पर्ने, गरिदिनुपर्ने, जहाँ भन्यो त्यहीं हिँडिदिनुपर्ने, जे भन्यो त्यही खाइदिनुपर्ने, लाइदिनुपर्ने । यस्तै यस्तै सामान्य कुरा र विचारबाट आपसी सम्बन्धमा खटपट सुरु हुन्छ ।

पति नै सबै हो, उबिना जिन्दगी नै रहँदैन भन्दै पतिको मृत्युमा आफ्नो जीवन समाप्त भएको ठानी सती जाने समय भन्दा हामी निकै नै अगाडि बढिसकेका छौं । हाम्रा जिजुआमाहरूले भोगेको कष्ट अहिलेका नारीले भोग्नैपर्छ भन्ने छैन । समाजमा कहिँकतै अझै पनि महिलाहरूमा संस्कारी, चरित्रवान, असल, कोमल आदि गुण हुनुपर्छ भन्ने भाष्य यथावत छ । तर यी गुणहरू महिला र पुरुष दुवैको व्यवहारमा देखिएमात्र दाम्पत्य जीवनमा सुख र खुशी मिल्छ भन्ने सबैले ख्याल राख्नु जरुरी छ । आफ्नो दाम्पत्य जीवन के-कसरी चलाउँदा आफुलाई सन्तुष्टि मिल्छ भन्ने कुरा पति-पत्नी दुवैको आपसी व्यवहारले नतिजा दिने कुरा हो । आफ्नो निजी सम्बन्धमा अरु कसैको प्रवेश हुन नदिनु नै आपसी सम्बन्धको डोरी कसिलो र बलियो हुनु हो ।

यसो भन्दैगर्दा पति-पत्नीबीच कुनै प्रकारको गालीगलौज, तिरस्कार, मानसिक तनाव तथा आत्मसम्मानमा चोट पुग्ने कार्य बारम्बार दोहोरिन्छन् भने दमन, कुण्ठा, चरित्रहत्या जस्ता कुरा सहेर पिल्सिएर पति-पत्नी एकसाथ बस्नुपर्छ भन्न खोजेको हुँदैहोइन । कतिपय इस्युहरू कम्प्रमाइज गर्न सकिने खालका हुन्छन् । कहिलेकाहीं सम्बन्ध बनाइराख्नको लागि एउटा आगो हुँदा अर्को पानी बन्नुपर्ने हुन्छ ।

परम्परा एउटा रुखको पातजस्तै हो, जसमा फेरबदल भइर हन्छ । मुना पलाउनु, मौलाउनु, पहेँलिनु र अन्तमा झर्नु, तर संस्कार रुखको जरासमान हो, जसलाई सबै मिलेर मलजल गरी बलियो बनाइन्छ तर फेरबदल हुँदैन ।

हाम्रो जीवनशैली परिवर्तन हुँदैजाँदा संस्कारमा पनि परि वर्तन देखिँदैछ । सदियौंदेखि मान्दै आएको संस्कारलाइ जगेर्ना गरह्यौं भनेमात्रै हाम्रो पहिचान जोगिनेछ । यस्ता कुरामा पश्चिमिकरणतर्फ फस्दै गयौं भने भावी सन्ततिलाई सुम्पने कुनै तत्व र ज्ञान हामीसँग रहनेछैन ।

अहिलेको विश्वव्यापीकरणमा पति-पत्नीबीच विचार नमिल्दा, व्यवहार नमिल्दा, स्तर नमिल्दा, संस्कार नमिल्दा परस्परमा 'इगो' देखापर्ने गर्छ । यो समयमा अब एकसाथ अगाडि बढ्न सकिँदैन जस्तो लागेमा आपसी सल्लाहमा अलग हुन सकिन्छ र, हुनु पनि पर्छ । सधैंको झैझगडा, एकआपसमा दोषारोपण, आपसी वैमनष्यताले मानसिक तनाव झेल्नुभन्दा पति-पत्नी अलग हुनु बुद्धिमता हुन्छ ।

सकेसम्म कसैले पनि गाँसिएको सम्बन्धलाई टुर्क्याउन खोज्दैन । तर यसो भन्दैगर्दा हिजोआज हामीकहाँ महिला स्वतन्त्रताको नाममा अलिक बढी नै विकृति फैलिएको छ ।

गत श्रावण महिनामा चलेको कोटिहोम र कथावाचिका देवी प्रतिभाले बोलेको प्रसङ्ग पनि यहाँ जोड्न चाहें ।

आम भागवत् कथावाचकले झैं देवी प्रतिभाले पनि धार्मिक कथामार्फत नैतिक शिक्षा, धार्मिक र ऐतिहासिक परम्पराका साथै हिन्दु संस्कारका महत्वपूर्ण तत्वहरूसँग श्रोतालाई जोडेकी थिइन् । हाम्रा अहिलेका महिलावादी हुँ भन्नेहरूलाई नैतिकता र संस्कारका कुरा त्यति मन पर्दैन, विरोध गरिहाल्छन् । भएको पनि त्यही नै हो । 'पति-पत्नीको सम्बन्ध बिच्छेद भन्ने कुरा धर्मशास्त्रमा कहीं उल्लेख छैन' । बस् यत्ति बोल्दा व्यक्तिगतरूपमै आलोचित हुनुपरह्यो देवी प्रतिभा । कथावाचनको शिलशिलामा उनले शास्त्रमा उल्लेख गरिएका कुरा व्यक्त गरेकीमात्र हुन्, तर उनले आफ्नो व्यक्तिगत धारणा सुनाएजसरी आलोचना गरियो ।

समकालीन समाजमा व्यक्तिगत स्वतन्त्रता छ । तर नैतिक शिक्षाको पनि बहुतै खाँचो छ हाम्रो समाजलाई । देवी प्रतिभाको भनाइले महिलाको स्वतन्त्रता र आत्मसम्मानलाई अवमुल्यन गर्ने, महिला अधिकारलाई खुम्च्याउने एकथरीको धारणा छ । यो भनाइले महिलालाई पुरुषले दास बनाउने र परम्परागत भूमिकामा सीमित राख्ने, स्वतन्त्र निर्णय लिन नसक्ने, थिचिएर दबिएर बस्न बाध्य हुनेछन् भन्दै महिला अधिकारकर्मीहरूले विरोध जनाए ।

तर अहिले समाजमा धेरै परिवर्तन *बाँकी पेज ५ मा*

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

दशैंको अवसर जुत्ता चप्पल मेला



मकवानपुर । बागमती प्रदेशको उद्योग वाणिज्य, भूमि व्यवस्था तथा प्रशासनमन्त्री सुकमाया तामाङले प्रदेशको चितवनको भरतपुरस्थित औद्योगिक प्रदर्शनीको उद्घाटन गरेकी छिन् ।

बडादशैंको अवसर पारेर स्वदेशी जुत्ता चप्पल व्यापार मेला सुरु भएको छ । असोज २४ गतेसम्म सञ्चालन हुने मेलाको उद्घाटन गर्दै मन्त्री तामाङले स्वदेशी बजारको प्रवर्द्धनमा लाग्नु पर्ने बताइन् ।

मेलाको उद्घाटन गर्दै मन्त्री तामाङले नेपाल धेरै वस्तुको उत्पादनमा आत्मनिर्भर बन्न सक्ने सम्भावना रहेको बताइन् । "स्थानीय स्रोत साधन उपयोग हामी सबै लाग्नु पर्छ" मन्त्री तामाङले भनिन् "मुलुकको आर्थिक समृद्धिका लागि स्वदेशी उत्पादनमा जोड दिन जरुरी छ ।"

चितवन उद्योग संघले स्वदेशी उत्पादनलाई प्रवर्दन गर्ने उदेश्यले मेला २०८१ अन्तर्गत स्वदेशी जुत्ताचप्पल व्यापार मेला आयोजना गरेको हो । फुटवेयर म्यानुफ्याक्चर्स एशोसियसनका अध्यक्ष रुद्र न्यौपानेले जुत्ता चप्पलको चोरी पैठारी रोकिने हो भने नेपाल १८ महिनामा आत्मनिर्भर बन्न सक्ने बताए । "सिंहदरबारभित्र पनि नेपाली जुत्ता चप्पलको प्रयोग गर्नु पर्छ" उनले भने । उत्पादकले पनि इमानदार पूर्वक गुणस्तरमा ध्यान दिएर काम गर्नु पर्ने उनले बताए ।

चितवन उद्योग संघका अध्यक्ष सूर्यप्रसाद न्यौपानेले संघले बिगत २०४७ सालदेखि उद्यमशिलता विकास र राज्यलाई मजबुत बनाउने उद्धेश्यले विभिन्न कामहरु गर्दै आएको बताए। राज्यले लिएको औद्योगिक अभियानलाई संघले सँधै साथ दिइरहेको उनले जनाकारी दिए ।

मेला दैनिक बिहान ९ बजेदेखि बेलुका ७ बजेसम्म सञ्चालन हुने मेलाको सहआयोजक संस्था वेश ग्लोबल प्रालिका अध्यक्ष होमनाथ उपाध्यायले जानकारी दिए । मेलामा आठ कम्पनीका तीन हजार भन्दा बढी मोडलका जुत्ता, चप्पल एकै ठाँउमा पाउन सकिन्छ । मेलामा ४० वटा स्टल छन् । नेपालमा उत्पादित जुत्ताचप्पल तथा छालाजन्य वस्तुहरु महिला, पुरुष, बच्चा सबैलाई समेटिनेगरी आकर्षक छुटमा खरिद गर्न सकिने उपाध्यायले बताए ।

मेलामा ३५ हजार जोर जुत्ताचप्पलको बिक्री हुने र दुई करोड रुपैयाँको आर्थिक कारोबार हुने अपेक्षा आयोजकले गरेको छ । त्यस्तै मेलाको करिब एक लाख ५० हजार जनाले अवलोकन गर्ने अनुमान गरिएको गरिएको छ ।

प्रत्येक दिन जुत्ताचप्पल खरिद गर्ने ग्राहकहरुलाई कुपनको व्यवस्था गरिएकोछ ।

जुत्ताचप्पल खरिदमा १५ देखि ५० प्रतिशत छुटको समेत व्यवस्था गरिएको छ । साथै असोज २१ गते लक्की ड्र मार्फत खोलिने कुपन मध्येबाट एक जनालाई २५ हजार रुपैयाँ बराबरको उपहार प्रदान गरिनेछ ।

बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले दाना उद्योगको निरीक्षण गरेकी छिन् ।

मंगलबार चितवन भरतपुर महानगरपालिका(६ स्थित चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघले सन्चालन गरेको उद्योगको मन्त्री तामाङले निरीक्षण गरेकी हुन् । उद्योग निरीक्षणको क्रममा मन्त्री तामाङले उद्योगलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन । आफू सधैं उद्यमीको पक्षमा रहेर काम गर्ने बताउदै उनले भनिन् दाना उद्योगको लागि आवश्यक बजेट बिनियोजन गर्न पहल गर्छु ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले दाना उद्योग सन्चालन गर्नका निमित्त दाना परीक्षण गर्न ल्याब र दाना राख्न गोदाम घरको आवश्यक रहेको बताउदै सहयोग गर्न आग्रह गरेका थिए ।

२०७८ सालमा करिब ५३ लाख लगानीमा संघले संचालन गरेको दाना उद्योगले दैनिक ८ टन दाना उत्पादन हुने गरेको बगालेले जानकारी दिए । उनका अनुसार संघले बार्षिक ७ करोडको कारोबार हुने गरेको छ ।

११४ वटा सहाकरी आबद्ध रहेको उक्त संघले जिल्लाका एक सय सहाकारीमा दाना उपलब्ध गराउने गरेको संघ ब्यबस्थापक जनार्दन पौडेलले जानकारी दिए ।

पर्व लक्ष्यित बजार अनुगमन, फिल्डमै तोकियो जरीवाना

मकवानपुर । उपभोक्ताको व्यापक गुनासो आउँदा समेत प्राय चासो नदेखाउने प्रशासनले चाडपर्व नजिकिदै गर्दा हेटौडा बजार अनुगमन गरेको छ । करको दर बढाएको निहुँमा हेटौंडा उपमहानगरपालिकासँग आक्रोशित व्यवसायिहरुलाई ुतहु लगाउने भन्दै गरिएको बजार अनुगमनलेपछी केही व्यापारीलाई जरीवान गरिएको छ ।

हेटौंडा उपमहानगरपालिकाको नेतृत्वमा चाडपर्व लक्षित बजार अनुगमन सुरु गरिएको हो । हेटौंडा उपमहानगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय, घरेलु उद्योग वाणिज्य कार्यालय र उपभोक्ता हितसंरक्षण मञ्चको संयुक्त बजार अनुगमन गर्दा गैर कानूनि भेटिएपछी केहीलाई कारवाहीको दायरामा ल्याउन लागिएको उपमहानगरपालिकाले जनाएको छ ।

यसपालीदेखि बजार अनुगमनलाई विगतमाभन्दा प्रभावकारी बनाइएको पाइएको छ । सरोकारवाला निकायले बजार अनुगमनलाई ुआक्रामकु बनाउँदै कमजोरी देखिए ठाउँकोठाउँ कारबाही गरेर जरिवाना तिराइने भएको छ ।

विगतमा बजार अनुगमनबाट फर्किएर कार्यालयमा कमजोरीका दृष्टिले कस्तो कारबाही गर्ने भन्ने निर्णय हुने गरेको थियो । यसो हुँदा कमजोर कारबाही र बजार अनुगमनको प्रभावकारितामाथि प्रश्न उठ्ने गरेको थियो । जहाँ चिनजानको आधारमा कम कारवाही तोक्नेदेखि आर्थिक लेनदेन समेत हुने गरेको गुनासाहरु आउने गरेका थिए ।

यसअघि विभिन्न निकायसँग समन्वय गरेर गर्ने बजार अनुगमन नाम मात्रैको अनुगमन हुने गरेको पाइएको उपभोक्ताहरुले नै गुनासो गर्ने गरेका थिए । अनुगमनका क्रममा व्यापारी तथा व्यवसायीलाई दिएको निर्देशन कार्यान्वयन नभएपछि नाम मात्रैको बजार अनुगमनमा सीमित हुने गरेको उपभोक्ताहरुको भनाई थियो ।

यसपटकको बजार अनुगमनले कमजोरी देखिएमा सोही ठाउँमै कारबाही गर्दै जरिवाना तिराएको हो । हेटौंडामा वर्षौंदेखि सञ्चालनमा आएको हेटौंडा-४, पारिजातपथ स्थित दाजुभाइ फाष्टफुडलाई संयुक्त बजार अनुगमनको क्रममा उपमहानगरपालिकाले २५ हजार जरिवाना गराएको छ । चितवनको शाखाको रुपमा रहेको पारिजातपथकै वैष्णव होटललाई पनि २५ हजार नै जरिवाना गराइएको छ । यी दुई होटललाई सात दिनभित्र उपमहानगरपालिका कार्यालयमा जरिवाना तिर्न पत्र काटिएको छ ।

दाजुभाइ फाष्टफुडमा भान्सा फोहोर भएको, म:म बनाउन ल्याइएको बन्दा कुहिएको अवस्थामा अव्यवस्थितसँग राखिएकोलगायतको कमजोरी फेला परेको थियो । दाजुभाइ फाष्टफुडका सञ्चालक राजकुमार गौतमलाई उमनपाको कार्यालयमा अनिवार्य उपस्थित हुन अनुगमन समितिले निर्देशन दिएको छ । दाजुभाइको खोपेगल्लीमा रहेको मिठाईको भान्सामा फोहोर को ढल निकास नगरी नजिकै मिठाई बनाइरहेको अनुगमन टोलीले फेला पारेको थियो । भान्सा सुधार गर्न निर्देशन दिइएको उपमहानगरको उद्योग, पर्यटन, सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेलले जानकारी दिए ।

यसैगरी, वैष्णव होटलले कालो ढुसी परेको पाउरोटी बिक्रीका लागि राखेको अनुगमन टोलीले फेला पारेको थियो । वैष्णवमा भान्सा सरसफाई नगरिएको, उद्योग वाणिज्य कार्यालयमा दर्ता नगरी व्यवसाय सञ्चालन गरेको, बिक्रीका लागि राखिएका खाद्यवस्तुको लेबलिङ उपयुक्त तरिकाले नराखेको भेटिएको थियो ।

वैष्णव होटलले चितवनबाटै म:मलगायतका तयारी खाद्यवस्तु हेटौंडा ल्याएर बिक्री गर्ने खुलेको छ । पारिजातपथमै अनमोल होटलको भर्खरै सञ्चालनमा आएको भनिएको नयाँ होटललाई सचेत गराइएको छ ।

बजार अनुगमनको नेतृत्व उपमहानगरको आर्थिक विकास महाशाखाअन्तर्गतको उद्योग, पर्यटन, सहकारी शाखा प्रमुख पौडेलले गरेका थिए । अनुगमनमा जिल्ला प्रशासन कार्यालय मकवानपुरका दीपक पौडेल, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य निरीक्षक दीपक घिमिरे, घरेलु उद्योग वाणिज्य कार्यालयप्रमुख रामप्रसाद भुषाल, उद्योग वाणिज्य संघ, उपभोक्ता हितसंरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडा, मकवानपुर उद्योग वाणिज्य संघका पवन कार्की लगायतको उपस्थिति रहेको थियो ।

"अब हामीले अनुगमनकै क्रममा जरिवाना तिराउँछौं यसले हुँदा अनुगमनको प्रभावकारिता बढाउँछु पौडेलले भने । यसअघि धेरै पटक सचेत गराउँदा पनि होटल सञ्चालकहरु अटेरी बनिरहेका उनले बताए । उपमहानगरपालिकाले कारबाहीलाई पनि झन बलियो बनाएर जाने योजना रहेको पौडेलले बताए । उपभोक्तालाई ढुक्कसँग खाद्यवस्तु उपभोग गर्न सक्ने वातावरण निर्माणको लागि उपमहानगरपालिका लागि परेको पौडेलले बताए । उनले बजार अनुगमनलाई तीव्रता दिइने बताए । चाडपर्व नजिकिएसँगै बजारमा बढ्न सक्ने कालोबजारीलाई नियन्त्रण गर्न उपभोक्ताहरु प्रशासनको सहकार्यर्य जरुरी रहेको उपभोक्ता हितसंरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडाले बताए ।

बागमती गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

बागमती गाउँपालिका

गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सहीरबर

फिचर/विचार/समाचार

२०८१ असोज ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशको मानव अधिकारको अवस्था



मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि तीनै तहका सरकारबाट विवध कामभई रहेका छन । आम नागरिकको मानव अधिकार को संरक्षणका लागि नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना जारी भई कार्यान्वयनको चरणमा रहेको छ । उक्त योजनालाई कार्यान्वयन गराउन तीनै तहका सरकारसँग आयोगले समन्वय गरिरहेको छ । नेपालको संविधानको भाग २५ धारा २४९ को उपधारा १ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयनको लागि आयोगले हरसम्भव प्रयास गरि रहेको छ ।

मानव अधिकार र मानव विकास सूचाङ्कको आधारमा बागमती प्रदेशको काडमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, रसुवा, दोलखा, रामेछाप, सिन्धुली, चितवन र मकवानपुर जिल्लाको भौगोलिक अवस्था, आमनागरिकको जीवनस्तर हेर्दा जिल्ला जिल्लाका नागरिकका बीचमा भिन्नता देखिन्छ । उपत्यकाका तीन जिल्ला काठमाण्डौ, भक्तपुर र ललितपुर बाहेक अन्य जिल्लाको मानव अधिकार अवस्था, सिमान्तकृत वर्गको अधिकार, भौगोलिक विकटता आदिको कारण नागरिकको मानव अधिकार चुनौतीपूर्ण रहेको छ । यस प्रदेशमा महिला अधिकार संरक्षणका लागि केही सकारात्मक प्रयास भएता पनि समाजमा घरेलु हिंसा र सामाजिक विभेद कायमै रहेको देखिन्छ । विद्युतिय माध्यम तथा सामाजिक संजाललाई दुरूपयोग गरी महिलामाथि हिंसा गर्ने प्रचलन बढदै गई रहेको छ । मानव बेचबिखन तथा ओसार पसारका घटनाहरूमा नयाँ नयाँ स्वरुप देखिएका छन ।

पिछडिएका, अल्पसङ्यक, असाहय तथा अपांगता भएका महिलाहरूको अवस्था दयनीय छ । समाजमा आएको एकल परिवारको बसाईका कारण जेष्ठ नागरिकको अधिकार सुनिश्चित हुन सकेको छैन । ज्येष्ठ नागरिकको लालन पालन, स्वास्थ्य तथा यातायातमा कानुन बमोजि पहुँच पुग्न सकेको छैन ।

यस प्रदेशमा अपांगता भएका व्यक्तिलाई घरपरिवारका मान्छेले विभेद गर्ने गरेको, सर कारी कार्यालय तथा स्थानीय तहका संरचनाहरू अपाङ्गमैत्री नभएको । सार्वजनिक स्थल, सडक मार्ग तथा यातायातका साधन अपाङ्गमैत्री हुन सकेको छैन । घर परिवार तथा विद्यालयमा बालबालिका माथि हिंसाका घटना भईरहेका छन । बाल विवाह, बाल श्रम कायमै छ भने बालबालिका यौनजन्य हिंसाका शिकार भईरहेका छन । अन्य प्रदेश जस्तै यो प्रदेशमा पनि जातीय छुवाछुत तथा विभेदका घटना भईरहेका छन । ग्रामिण भेगमा मात्र हैन शहरी क्षेत्रमा पनि जातीय विभेदका घटना भईरहेका छन ।

स्वास्थ्य सेवा सबैका लागि पहुँच योग्य तथा सर्बशुलभ छैन। समाजमा मानसिक रोगवाट पीडित व्यक्तिहरुको हेरचाह र उपचार सुनिश्चित हुन सकेको छैन् । निशुल्क पाईने भनेका औषधीको जहिले पनि अभाव हुन्छ । अस्पतालको वातावरण बिमारी तथा कुरुवा मैत्री पाईदैन । उद्योग तथा कलकारखानाबाट निस्केको धुवा, धुलो तथा ध्वनीले वातावरण प्रदुषित भईरहेको छ भने रोकथामका उपायहरु अबलम्वन गरिएको छैन ।

यस प्रदेशमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था सुधारोन्मुख भए पनि हत्या तथा आत्महत्याका घटना भइरहेका छन । नयाँ प्रबिधिसंगै हुने यस्ता अपाराधिक गतिबिधिले प्रहरीको अनुसन्धानमा चुनौती थपिएको देखिन्छ । कारागार तथा प्रहरी हिरासत भित्र कैदिवन्दीको मृत्यु भएको घटनाबाट पनि बाँच्न पाउने अधिकार सुनिश्चीत हुन नसकेको पुष्टि गर्दछ। सवारी दुर्घटना, बाढी पहिरो जस्ता दैविप्रकोपबाट पनि वर्षेनी नागरिकले ज्यान गुमाउनु परेको छ ।

यस प्रदेशका प्राय: कारागागरमा क्षमता भन्दा बढी कैदी बन्दी राख्नु तथा कारागार कार्यालयको भौतिक पूर्वाधार तथा आन्तरिक व्यवस्थापन कमजोर रहदा बन्दी तथा थुनुवाहरुले न्यूनतम आधारभूत मानव अधिकार को उपभोग गर्न पाएका छैन्न । द्वन्द्वकालिन घटनाहरुको हाल सम्म पनि सम्बोधन हुन सकेको छैन । यौनिक तथा लैगिंक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, मानसिक सन्तुलन गुमाएका व्यक्तिलाई गाउँ समाज र सरकारले हेर्ने दृष्टिकोणमा साकारात्मक परिवर्तनको खाँचो देखिएको छ । उनीहरुको एकिन तथ्यांकको समेत अभाव छ । आप्रवासीको अधिकारको कुरा गर्दा बिदेश पठाई दिने निहुमा ठगिएका, बिदेश गएर तलव नपाएका, स्वस्थ्य मान्छे बिमारी भएर रितो हात घर फर्कि आएका तमाम घटना छन ।

शहरमा मात्र हैन ग्रामीण स्तरमा समेत उपभोक्ता अधिकारको अवस्था कहालि लाग्दो छ । नागरिकले स्वच्छ तथा गुणस्तरीय वस्तुको उपभोग गर्न पाएका छैन्न । एउटै बजारमा एउटै बस्तुको मुल्य फरक फरक छ । सरोकार वालाहरुबाट गरिने अनुगमन चाडपर्वमुखी भएको पाईन्छ भने तीनै तहका सरकारका बीचमा समन्वयको अभाव देखिन्छ । समयको परिवर्तनसँगै गाउँ समाजमा लागु औषध तथा मादक पदार्थ सेवन गर्नेको संख्या दिनप्रतिदिन बडदो छ । समयमै सरोकारवालाले यस तर्फ ध्यान दिएन भने विकरालरुप नलेला भन्न सकिन । घर परिवार गाउँ समाज कार्यालय राजनीतिक दल लगायत सबैतिर ईमान्दारिता र नैतिकताको अभाव हुदा मानव अधिकार सँस्कृतिको विकास हुन सकेको छैन ।

आयोगको बागमती प्रदेश कार्यालयमा आ.व. २०८० / ०८१ मा मात्रै मानव अधिकार को हन्न भएको भनि नागरिक तथा राजनीतिक अधिकारमा ११ वटा, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारमा ३ वटा, यातनामा २ वटा, बाल अधिकारमा १ वटा, महिला अधिकारमा १ वटा, जातीय विभेदमा १ वटा, अपांगता भएका व्यक्तिको अधिकारमा ४ वटा तथा अन्यमा वटा गरी जम्मा २६ वटा उजूरी दर्ता भएका छन भने पुराना उजूरी ५९६ रहेका छन । यस आ.व.मा ७३ वटा उजूरीको अनुसन्धान समपन्न भई कानूनी प्रक्रियामा गए पश्चात हाल ५४९ उजूरी आयोगमा अनुसन्धानको क्रममा रहेका छन ।

यस बर्ष आयोगले मानव अधिकारको अवस्थाको सम्वन्धमा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अधिकारको अवस्थाको बारेमा काभ्रेपलाञ्चोक, मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना तथा कारागारको अवस्थाको बारेमा मकवानपुर/ सिन्धुपालचोक, अनिवार्य निशुल्क तथा गुणस्तरीय शिक्षाको बारेमा मकवानपुर/ चितवन, यौनिक तथा लैगिंक अल्पसंख्यकको मानव अधिकारको अवस्थाका बारेमा काठमाण्डौ/ललितपुर/ चितवन तथा मकवानपुर, आप्रवासी कामदार तथा तिनका परिवारको मानव अधिकारको अवस्थाका बारेमा सिन्धुली, बाल सुधार गृह बारेमा हेटौडा / भक्तपुर, सामुदायिक विद्यालयमा दिवा खाजा बारेमा मकवानपुर/चितवन तथा सिन्धुली जिल्लामा अनुगमन गरेको थियो ।

प्रदेश सरकार र स्थानीय सरकारले बजेट विनियोजन गर्दा मानव अधिकारमुखी विकास पद्धतीलाई केन्द्रबिन्दुमा राख्नु पर्ने देखिन्छ । विकासको केन्द्र विन्दु मानिस भएकोले सरकार को नीति, योजना, बजेट कार्यक्रम आम नागरिकको सार्थक सहभागितालाई जोड दिदै विकास निर्माणका कार्यमा योगदान गर्ने वातावरण निर्माण गर्नु पर्दछ । त्यसै गरी विकासको प्रतिफल भौगोलिक रुपमा विकट रहेका जिल्ला र ग्रामिण क्षेत्रलाई पुरट्याउनु पर्ने देखिन्छ । आर्थिक रुपले विपन्न, सिमान्तकृत, अपांगता भएका, लैंगिक तथा यौनिक अल्पसंख्यक, आवाज विहिनका आवाजलाई सरकारी निकायबाट सम्बोधन गरिनु पर्दछ ।

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति राज्यको कुनै एक निकायको एकल पहल र प्रयासले मात्र संभवहुँदैन । यसमा तीनै तहका सरकार, संवैधानिक आयोगहरु, नागरिक समाज, मानव अधिकार रक्षक, सामाजिक संघ संस्था, संचारकर्मी निजी तथा व्यवसायिक क्षेत्रहरूको संयुक्त प्रयास, समन्वय र सहकार्यबाट मात्र संभव देखिएको छ । त्यसैले मानव अधिकार को संरक्षण र सम्बर्द्धनको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कार्यरत हामी सबैको भूमिका अहम र महत्वपूर्ण छ ।

पवनकुमार भट्ट, उपसचिव, राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, हेटौडा,

आयोगले बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटालाइ २ असोजमा बुझाएको प्रतिवेदनको सम्पादीत अंश ।

प्रदेशका उत्कृष्ट विद्यालयहरु पुरस्कृत



मकवानपुर । बागमती प्रदेशका उत्कृष्ट विद्यालयहरुलाई पुरस्कृत गरिएको छ । राष्ट्रिय शिक्षा दिवस २०८१ को अवसरमा प्रदेशको शिक्षा विकास निर्देशनालय हेटौंडाले बुधबार उत्कृष्ट बिद्यालयलाई हेटौडामा पुरस्कृत गरेको हो ।

निर्देशनालयले ५ सामुदायिक र ५ संस्थागत विद्यालयलाई नगदसहित पुरस्कृत गरिएको हो । शिक्षा विकास निर्देशनालयले छनौट गरेका सामुदायिक तर्फका मेघा माध्यमिक विद्यालय तेखापुखु भक्तपुर, बलम्बु माध्यमिक विद्यालय चन्दागिरि नगरपालिका काठमाडौं, पृथ्वी माध्यमिक विद्यालय विदुर-४ नुवाकोट, तरुण माध्यमिक विद्यालय बालाजु काठमाडौं र श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल काठमाडौं उत्कृष्ट भएका थिए ।

त्यस्तै संस्थागत तर्फका ह्विवज किड्स इन्टर नेशनल स्कुल बालुवाटार काठमाडौं, रिलायन्स इन्टर नेशनल एकेडेमी बुढानीलकण्ठ काठमाडौं, गोकर्णेश्वर लाइट एकेडेमी गोकर्णेश्वर काठमाडौं, शाकरी स्कुल छाउनी काठमाडौं र माउन्ट ग्लोरी इङ्लिस बोर्डिङ हाइस्कुल उत्कृष्ट भएका थिए । उत्कृष्ट सामुदायिक र संस्थागत विद्यालयहरूलाई क्रमश: १ लाख रुपैयाँ, ८० हजार, ७० हजार, ६० हजार र ५० हजार रुपैयाँ सहित पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा दिवसको अवसरमा आयोजित निबन्ध लेखन प्रतियोगिताको प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई पनि पुरस्कृत गरिएको छ । निवन्ध लेखन प्रतियोगितामा स्कृति चौलागाई बाँसबारी माध्यमिक विद्यालय काठमाडौं प्रथम, सुमना बुढाथोकी स्याउरी भूमि माध्यमिक विद्यालय शिवपुरी नुवाकोट द्वितीय, अविना कार्की भालेश्वर माध्यमिक विद्यालय पनौती काभ्रे तृतीय भएका थिए ।

प्रथम द्वितीय र तृतीयलाई क्रमश: १० हजार, ८ हजार र ५ हजार नगदसहित मुख्यमन्त्री बहादुर सिंह लामा, सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, शिक्षा विकास निर्देशनालय हेटौंडाका निर्देशक दिपेन्द्र सुवेदी लगायतकाले पुरस्कृत गरेका थिए ।

बनस्पतिमा सप्ताह सुरु, पुर्व मन्त्री श्रेष्ठद्वारा उद्घाटन

मकवानपुर । हेटौंडा-१३ बनस्पतिमा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ सुरु भएको छ ।

महायज्ञको बागमती प्रदेशका पूर्व मन्त्री तथा प्रदेश सभा सदस्य एका लाल श्रेष्ठले शुभारम्भ गरुका छन् । कार्यक्रममा बोल्दै उनले नेपालको बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक समाजको महत्व र यसको समग्र विकासको आवश्यकतामाथि जोड दिए । उनले भने “हाम्रो समाज इन्द्रेणी जस्तै विविध रङ्गले भरिएको छ। यहाँ विभिन्न जाति, धर्म र आस्था भएका मानिसहरू छन्। हामीले सबै धर्मको विचार लाई समान रूपमा सम्मान गर्नुपर्छ । “श्रेष्ठले सनातन धर्मको विकासलाई उदाहरणको रूपमा प्रस्तुत गर्दै भने, “सनातन धर्मलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रमा विकास गर्न सकिन्छ,यसबाट आर्थिक उपार्जन र पर्यटन प्रवद्धन गर्न सकिन्छ।” उनले यस क्षेत्रको विकासलाई नवीन दृष्टिकोणबाट हेर्नुपर्ने आवश्यकता औंल्याउँदै भने, “हामीले यो क्षेत्रको विकासलाई फरक ढङ्गले अगाडि बढाउनुपर्ने र यसका लागि सधैं क्रियाशील रहनुपर्ने बताए ।

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ असोज ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

डिभोर्स नै अन्तिम....

आइसकेको छ । महिलाहरू शिक्षा, स्वास्थ्य, राजनीति, सीप ब्यवसाय तथा रोजगारी जस्ता तमाम कुरामा आत्मनिर्भर हुँदैआएका छन् । र, यी काम गर्न स्वतन्त्र पनि छन् । उनीहरू आफै उचित-अनुचित, असल-खराब छुट्याउन सक्ने सामर्थ्य राख्छन् ।

यहाँ विवेचना गर्न खोजिएको विषयबस्तु के हो भने- वैवाहिक सम्बन्ध बिच्छेद नै समस्याको समाधान हुँदैहोइन । दाम्पत्य जीवनमा आउने आरोह-अवरोहलाई केही समय दुवैले शान्तिपूर्वक सोचौं र आत्मसात गरौं। आ-आफ्ना गल्ती र कमी-कमजोरी केलाउँ । दुवैले आ-आफ्नो गल्तीलाई प्रायश्चित गरौं । दुवैको परिवारलाई इज्जतिलो व्यवहार गरौं । आपसी सम्बन्धमा केटाको बाबु-आमा होस् कि केटीको बाबु-आमा होस् - प्रवेशमा रोक लगाउँ । बार-बार उही गल्ती नदोहोऱ्याउँ । आफ्नो वैवाहिक सम्बन्धलाई साथीभाइ वा आफन्तसँग तुलना कहिल्यै नगरौं । आफ्नो आर्थिक अवस्थालाई अरुसँग तुलना कदापि नगरौं । आफूसँग जे छ त्यसैमा रमाउन सिकौं । आफ्नै हातका पाँच औंला त एक समान हुँदैनन् भने आफन्त र साथीभाइको हैसियत र आफ्नो हैसियत कसरी एक समान होला ? यस्ता कुरामा अलिक ध्यान दिने गरौं । यति गर्दा पक्कै पनि आपसी सम्बन्धमा सुधार आउनेछ, परिवर्तन देखिनेछ । यति गर्दागर्दै पनि जिन्दगीको रथ एकसाथ अगाडि बढाउन सकिँदैन भन्ने लागेमा कानुनीरूपमा अलग्गिनु नै बुद्धिमानी हुनेछ ।

पति-पत्नीबीचको सम्बन्ध प्रगाढ बनाउन र व्यवस्थित गर्न केही समय त पर्खनु नै पर्छ । घरको छाना ढलान गरेको भोलिपल्टै त्यहाँ डाङ्डुङ् गर्दै उफ्रन थाल्यौं भने त्यो ढलान सेट हुन पाउँदैन र पानी चुहिने हुन्छ । ढलान सेट हुन कम्तिमा पनि २१ दिन लाग्छ ।

त्यस्तै दही जमाउदाँ १०/१२ घण्टा त पर्खनैपर्छ । यदि जम्न नपाउँदै चलायौं भने त्यो दही बन्नै पाउँदैन । हो, यस्तै हो पति-पत्नीको सम्बन्ध पनि । यहाँ पनि सम्बन्ध प्रगाढ हुन नपाउँदै गिजोलियो वा हस्तक्षेप भयो भने पति-पत्नीको आपसी सम्बन्धमा दरार आउन सक्छ । सामान्य दही जम्नलाई त समय लाग्छ भने दुई अन्जान परिवारका अन्जान दुई सदस्य 'एक' हुनलाई केही समय त अवश्य लाग्छ नै । त्यसैले सम्बन्ध बिच्छेद मात्र समस्याको समाधान होइन ।

शारीरिक दुर्वलता, स्वास्थ्यमा जटिलता जस्ता समस्या हुँदाहुँदै पनि पति वा पत्नी मिहिनेत, विवेक, असल चरित्र, त्याग र समर्पणले महान् बन्न सक्छन् ।

अन्तमा,

गतवर्ष नेपालमा करिव चालिस हजार पाँच सय जोडीको सम्बन्ध बिच्छेद भएछ । यो तथ्यांकले हाम्रो समाजको भयावह दृश्य देखाउँछ । सम्बन्ध बिच्छेद मात्र समस्याको समाधान पक्कै पनि होइन । खराबी ब्यक्तिमा हुन्छ । यसमा माइती वा घर पक्षलाई तारो बनाउनु मुर्खता मात्र हो ।

कैयौं युवा युवतीहरू सम्बन्ध बिच्छेदकै कारण एक्लिएका छन्, पिल्सिएका छन् । मानसिक सन्तुलन गुमाइरहेका छन् । उनका परिवारमा विचलन आएको छ, परिवार टुक्रिएर बिचल्ली बनेको छ । 'डिभोर्सी कपल'का सन्तान टुहुरा बनेका छन् । ती अन्जान सन्तानको के दोष ? सन्तानलाई बाबु-आमा दुवैको ममताको आवश्यकता छ ।

बाबु-आमा दुवैले आ-आफ्नो नयाँ घरजम गर्लान् तर ती अबोध बच्चाको भविष्य अन्धकार बनाइ बाबु-आमा खुशी रहन सक्लान् ? त्यसैले सम्बन्ध बिच्छेद मात्र समस्याको समाधान होइन है । कमी-कमजोरी आफूभित्रै खोजौं र प्रायश्चित तर्फ लागौं ।

कालाखेतीले बनाइदिए एकल महिलाको लागि घर

○सहीखबर संवाददाता



मकवानपुर । मकवानपुरको मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले आफूले पाउने सेवा सुविधाको रकमले मनहरी गाउँपालिकाका एक जना एकल महिलाको लागि घर बनाइ दिएका छन् । मनहरी ५ बसन्तपुरकी एकल महिला सोनी राईलाई एककोठे घर निर्माण गरेर उनले मंगलबार हस्तान्तरण गरे।

गत स्थानीय तह निर्वाचनका बेला कालाखेतीले घोषणा गरेका थिए निर्वाचित भएपछि सुविधाको रुपमा पाइने राज्यको रकम आफूले नलिएर जनताको सेवामा खर्च गर्ने। सोही अनुसार गाउँपालिका अध्यक्ष कालाखेतीले सुविधा वापत प्राप्त गर्दै आएको रकम सामाजिक सेवामा खर्च गर्ने गरेका छन्।

सोही अनुसार उनले मनहरी ५ बसन्तपुरमा लामो समयदेखि आवासविहीन रहँदै आएकी राईलाई पक्की घर बनाएर हस्तान्तरण गरिएको हो। सेवा सुविधा जम्मा गर्नका लागि कालाखेतीले व्यक्तिगत बैंक खाता प्रयोग नगरी अध्यक्ष सामाजिक सुरक्षा कोष खडा गरेका छन्। सोही कोषबाट उनले आफ्नो सेवा सुविधा वापतको रकमले मनहरीकै एकल महिला राईलाई घर बनाइदिएर हस्तान्तरण गरेका हुन्।

८ वर्ष अघि सोनीका श्रीमान काठ काट्न जाँदा लडेर मृत्यु भएको थियो । उनी लामो समयदेखि बसन्तपुरमा सानो छाप्रोमा जीवनयापन गर्दै आएकी थिइन्। घामपानी समेत नछेक्ने छाप्रोमा बस्दै आएकी उनलाई अध्यक्ष कालाखेतीले घर बनाइदिए पछि दंग छिन् ।

"ज्याला मजदुरी गरेर जसोतसो जीवन धान्दै आएकी सोनी बस्दै आएको छाप्रोमा पानी चुहिन्थ्यो। हावाहुरीले समस्या पाथ्थ्यो, तपाईंहरू सबैको सहयोगले घर बन्यो एकदमै खुसी छु" सोनीले भनिन्। सोनुलाई ओत लाग्ने घर नभएको र आफैं बनाउन सक्ने अवस्था नभएको भन्दै उनका छिमेकीले अध्यक्ष कालाखेतीलाई जानकारी गराएका थिए । उक्त पक्की घर २ लाख १५ हजार रुपैयाँ खर्चिएर बनाइएको हो । सोनीको परिवारमा उनी एक्लै छिन् । गाउँपालिका अध्यक्ष कालाखेतीले एकल महिला बर्खामा चुहिने छाप्रोमै दिन काटिरहेको खबर पाएपछि सेवा सुविधाको रकमले नै घर बनाइदिने निर्णय गरेको बताउँछन्।

"स्थिती निकै दयनिय देखेपछि स्थानीयहरुले जानकारी गराए। म उहाँको घरमै गएर हेर्ें। स्थिती निकै दयनिय देखेपछि आफ्नो सेवा सुविधाको रकम जम्मा हुने कोषको रकमले उहाँलाई एककोठे पक्की घर बनादिएको हुँ" उनले भने ।

निर्वाचित भएपछि उनले सेवा सुविधा वापतको रकम विपन्न परिवारका लागि उपचारमा सहयोग, विभिन्न चाडपर्वमा रासन सामग्री हस्तान्तरण लगायतका सामाजिक कार्यमा सहयोग गर्दै आएका छन्।

शिक्षा र सिप जीवनको सबैभन्दा भरपर्दो सारथी हुन् ।

● सहीखबर साप्ताहिक

डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

मनहरी गाउँपालिका
गाउँकार्य पालिकाको
कार्यालय, मकवानपुर ।

सहीखबर

विविध

२०८१ असोज ३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

राष्ट्रिय भेट्रान्सको उपाधीमा फ्रिडम फाइटर काठमाडौको कब्जा



○आरपी गुरागाई

मकवानपुरको हेटौंडामा जारी तेस्रो राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको उपाधीमा फ्रिडम फाइटर भेट्रान्स काठमाडौले कब्जा गरेको छ । फाइनलमा पूर्वेली भेट्रान्स झापालाई ३-२ गोल अन्तरले पाखा लगाउँदै फ्रिडम फाइटरले उपाधी चुमेको हो ।

रोटरी मकवानपुरको आयोजनामा भएको प्रतियोगिताको विजेता हुँदै फ्रिडम फाइटरले २ लाख २ हजार २२२ रुपैयाँ हात पार्यो भने उपविजेतामा पूर्वेलीले एकलाख १ हजार १११ रुपैयाँमा चित्त बुझायो । खेलको पहिलो हाफमा फ्रिडमले ३ गोल गर्यो । पहिलो हाफमा झापा खेलमा फर्कन कोशिस गरे पनि सकेन । खेलको दोस्रो हाफमा पूर्वेलीले जवाफी २ गोल गरेको थियो ।

हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा भएको फाइनल खेलको तेस्रो मिनेटमै काठमाडौले निलेन्द्र देवानको गोलमार्फत अग्रता बनाएको थियो । खेलको २० मिनेटमा देवानले नै अर्को गोल गरे । यस्तै काठमाडौंका लागि खेलको ३७ औं मिनेटमा विकर्ण श्रेष्ठले तेस्रो गोल गरे । ३ गोलले पछि परेको झापाले दोस्रो हाफमा २ गोल गर्दै खेलमा फर्किने सम्भावना देखाएको थियो । झापाको लागि ४० औं मिनेटमा मित्र बस्नेतले र ४३ औं मिनेटमा रमेश गुरुङले गोल गरेका थिए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी र म्यान अफ द म्याच काठमाडौंका निलेन्द्र देवान घोषित भए । यसैगरी काठमाडौंकै विकर्ण श्रेष्ठ उत्कृष्ट स्ट्राइकर, राजु तामाङ उत्कृष्ठ मिडफिल्डर, राजकुमार घिसिङ डिफेण्डर, सञ्जिव खड्की उत्कृष्ट गोलरक्षक र सुरज श्रेष्ठ उत्कृष्ट प्रशिक्षक घोषित भए । सर्वोत्कृष्ट खेलाडीले नगद दश हजार रुपैयाँ प्राप्त गर्दा विधागतरुपमा उत्कृष्ट खेलाडीले नगद पाँचहजार रुपैयाँ प्राप्त गरे ।

सोमबारको दोस्रो सेमिफाइनल खेलमा सर्लाहीको हरिवन भेट्रान्सलाई १०-० गोल अन्तरले पराजित गर्दै फ्रिडम फाइटर फाइनल प्रवेश गरेको थियो भने । यसैगरी आइतबारको पहिलो सेमिफाइन खेलमा नव जनजागृति भेट्रान्स सिमरालाई १-० गोल अन्तरले पराजित गर्दै पूर्वेली भेट्रान्सले फाइनल यात्रा तय गरेको थियो ।

जलन प्राथमिक उपचार केन्द्र निर्माण सहयोगको लागि प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितामा १५ टिमले सहभागिता जनाएको थियो । हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा भएको प्रतियोगितामा आयोजकको रोटरी पिप्ले भेट्रान्स, नागस्वती भेट्रान्स हेटौडा, हेटौंडा भेट्रान्स, चितवन भेट्रान्स क्लब, सिमरा भेट्रान्स, नव जनजागृति भेट्रान्स सिमरा, वीरगन्ज एकेडेमी भेट्रान्स, युनिटी भेट्रान्स वीरगन्ज, निजगढ भेट्रान्स, हरि वन भेट्रान्स, पुर्वेली भेट्रान्स क्लब झापा, एसएन केसी काठमाडौं, फ्रिडम फाइटर काठमाडौं, अभिषेक चर्च नवलपरासी र पोखरा भेट्रान्सको सहभागिता रहेको थियो ।

रोटरी मकवानपुरको आयोजनामा २०७२ सालमा पहिलो पटक राष्ट्रिय र २०७३ सालमा दोस्रो पटक अन्तराष्ट्रिय प्रतियोगिता संचालन भएको थियो । हेटौंडामा नै पहिलो पटक आयोजना गरिएको ८ ए साईड भेट्रान्स प्रतियोगिताको पहिलो र दोस्रो संस्करण चितवन भेट्रान्स क्लबले हात पारेको थियो ।

डेढ महिनापछि बागमती प्रदेश सभा बैठक बस्दै



○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशसभाको बैठक असोज ६ गतेको लागि आह्वान गरिएको छ । गत १६ साउनमा बसेर स्थगित भएको प्रदेशसभा बैठक डेढ महिनापछि बस्न लागेको हो ।

बैठक १६ साउनमा विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेसँगै स्थगित गरिएको प्रदेशसभा बैठक असोज ६ गते आइतबार १ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

बैठकमा संसदीय समितिहरूबाट पारित भएका विधेयकका प्रतिवेदनहरू प्रस्तुत हुने कार्यसूची रहको बताइएको छ । बैठकको कार्यसूची तय गर्न असोज ५ गते शनिबार कार्यसम्पादन समितिको बैठक समेत आह्वान गरिएको छ । शनिबार दिउँसो ३ बजे बस्ने बैठकले सभाको कार्यसूची तय गर्ने प्रदेशसभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए ।

प्रवक्ता गुप्ताका अनुसार असोज ६ गते बस्ने प्रदेशसभा बैठकमा शिक्षा स्वास्थ्य तथा कृषि समितिबाट पारित भएको दुई वटा र उद्योग पर्यटन तथा वातावरण समितिबाट पारित भएको एउटा प्रतिवेदन संसदमा प्रस्तुत हुनेछन् ।

बागमती प्रदेश सभाअन्तर्गतको शिक्षा स्वास्थ्य तथा कृषि समितिबाट प्रदेश स्वास्थ्य ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन, प्रदेश कृषि विकास सम्बन्धमा बनेको विधेयकको प्रतिवेदन र उद्योग, पर्यटन तथा वातावरण समितिले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन रहेका छन् । समितिहरूबाट दफावार छलफल गरी संशोधनसहित पारित भएका विधेयकका प्रतिवेदनहरू प्रदेशसभा सचिवालयमा दर्ता भइसकेको र तीनै विधेयकका प्रतिवेदनहरूमाथि सदनमा छलफल हुने सचिवालयले जनाएको छ ।

कानुनद्वारा प्रतिबन्धित
लागुऔषधहरुको प्रयोग नगरौ
www.saheekhabar.com

बकैया गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु /गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

बकैया गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

संबिधानको रक्षार्थ सबै जुटौं

- ☞ संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- ☞ संबिधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तब्य हो।
- ☞ संबिधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- ☞ संबिधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन् ।

त्यसैले संबिधानको पालना गर्नु सबैको कर्तव्य हो

नेपाल सरकार
विज्ञापन बोर्ड